# लिखुपिके राजपत्र

लिखुपिके गाउँपालिकाद्वारा प्रकाशित

## भाग -१

## सूचना

# लिखुपिके गाँउपालिकाको एफ.एम रेडियो सञ्चालन तथा व्यबस्थापन सम्बन्धमा बनेको ऐन, २०७७

**प्रमाणिकरण मितिः २०७७/१२/११**

**प्रस्तावना** : नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा लिखुपिके गाँउपालिका भित्र एफ.एम रेडियो सञ्चालनको लागि अनुमति प्रदान गर्न, नविकरण, नियमन र खारेजी सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको अनुसुचि -८ को सूचि नं. ३ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२)(ग) ले दिएको अधिकारको कार्यान्वयन गर्न नेपालको संविधानको धारा २२६ को उपधारा (१) एवं दफा १०२ को उपदफा (१) बमोजिम लिखुपिके गाँउपालिकाको गाँउसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐन को नाम "एफ.एम रेडियो संचालन तथा व्यवस्थापन ऐन, २०७७" रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "गाँउपालिका" भन्नाले लिखुपिके गाँउपालिकालाई सम्झनुपर्छ।

(ख) "अध्यक्ष" भन्नाले गाँउपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले गाँउपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ।

(घ) "कार्यपालिका" भन्नाले लिखुपिके गाँउपालिकाको कार्यपालिका सम्झनुपर्छ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लिखुपिक गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(च) "मन्त्रालय" भन्नाले संघीय सरकारको सञ्चार तथा सूचना प्रविधि मन्त्रालय तथा सो कामको लागि तोकिएको प्रदेशको मन्त्रालयलाई सम्झनु पर्दछ।

(छ) “बिषयगत शाखा” भन्नाले लिखुपिके गाँउपालिकाको गाँउ कार्यपालिका अर्न्तगतको बिषयगत शाखा, उपशाखा वा कार्यालयलाई सम्झनुपर्छ ।

(ज) “वडा सचिव” भन्नाले लिखुपिके गाँउपालिका अर्न्तगतको वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको व्यक्ति सम्झनुपर्छ ।

(झ) “वडा समिति” भन्नाले गाँउपालिकाको वडा समिति सम्झनु पर्छ ।

(ञ) “सदस्य” भन्नाले गाँउकार्यपालिकाको सदस्य सम्झनु पर्छ ।

(ट) “स्याटेलाईट रिसिभिङ सिष्टम” भन्नाले अधिकांश भाग पृथ्वीको वायुमण्डल बाहिर रहने वा रहेको एक वा एक भन्दा बढी भु -उपग्रहहरु वा अन्तरिक्ष स्टेशनबाट प्राप्त गर्ने डिस एण्टेना लगायतका संचार प्रणाली सम्झनु पर्दछ ।

(ठ) “रेडियो यन्त्र तथा उपकरण” भन्नाले लगातार तारको कनेक्शन विना रेडियो तरंगद्धारा शब्द, चित्र वा संकेत प्राप्त गर्ने वा पठाउने कामको निमित्त प्रयोग गरिने देहायको यन्त्रहरु सम्झनुपर्छ :

(१) डिस एण्टेना, एस.टी.एल.लिंक, बि.बि.सि.रिसिभर लगायत सबै प्रकारको स्याटलाइट रिसिभिंग सिष्टमहरु,

(२) रेडियो ट्रान्समिटर

(ड) “समन्वय तथा अनुगमन समिति” भन्नाले दफा १० बमोजिमको एफ. एम. रेडियो समन्वय तथा अनुगमन समितिलाई सम्झनुपर्दछ ।

**३.प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालन** : (१) गाँउपालिका भित्र १०० वाट सम्मको एफ. एम. रेडियोको प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालन सम्बन्धी नीति निर्माण गर्ने अधिकार गाँउ कार्यपालिकालाई हुनेछ ।

(२) यो ऐन लागु हुनु पुर्व प्रचलित कानुन बमोजिम इजाजतपत्र लिई सञ्चालन भैरहेका एफ.एम. रेडियोहरुको प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालन कार्य समेत गाँउपालिकाको हुनेछ ।

**४.ईजाजत पत्र नलिई प्रसारण गर्न नहुने** : (१) यस ऐन बमोजिम ईजाजतपत्र नलिई गाँउपालिका क्षेत्र भित्र एफ.एम.रेडियो सञ्चालन गर्न पाउने छैन ।

(२) कसैले उपदफा (१) विपरित काम गरेमा दफा १९ बमोजिम जरीवाना हुनेछ ।

(३) यस दफामा जुनकुनै कुरा लेखिएको भएता पनि यो ऐन आउनु भन्दा अगावै प्रचलित कानुन बमोजिम दर्ता भै सञ्चालन भैरहेका १०० वाट सम्म क्षमता भएका एफ.एम. रेडियोहरुको हकमा नयाँ इजाजतपत्र लिइरहनु पर्ने छैन । तर ऐन प्रारम्भ भएको मितिले ३५ दिन भित्र गाँउपालिकाको कार्यालयमा सूचिकृत हुनुपर्नेछ ।

**५.ईजाजत पत्रको लागि निवेदन दिनुपर्ने :** (१) एफ.एम. रेडियो सञ्चालनको लागि ईजाजतपत्र लिन चाहने व्यक्ति वा संस्थाले अनुसूची-१ बमोजिमको ढाँचामा आवश्यक कागजातहरु संलग्न गरी गाँउपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईने ईजाजतपत्र अनुसूची-२ को ढाँचामा गाँउपालिकाले उपलब्ध गराउनु पर्नेछ ।

(३) ईजाजतपत्र लिन चाहने व्यक्तिले आफूले ईजाजतपत्र लिन खोजेको विषयको आर्थिक, प्राविधिक र व्यवसायिक पक्षमा अनुभवी तथा ख्याती प्राप्त व्यक्ति वा संस्थाबाट अध्ययन गर्न लगाई प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(४) प्रसारण संस्थाको विधान तथा सञ्चालकहरूको नेपाली नागरिकताको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(५) निवेदन दस्तुर बुझाएको नगदी रसिद वा तोकिएको रकम राजश्व खातामा जम्मा गरेको भौचर र प्रसारण केन्द्र रहने ठाउँको विवरण समेत खुलाउँनुपर्नेछ ।

(६) उपदफा (१) बमोजिम प्राप्त निवेदन र संलग्न कागजात साथै राखी फ्रिक्वेन्सी सम्बन्धमा संघीय सरकारको विषयगत मन्त्रालयमा लेखी पठाउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम सम्बन्धित मन्त्रालयबाट फ्रिक्वेन्सी उपलब्ध गराउन सकिने व्यहोरा लेखी आएमा गाँउपालिकाले निवेदकलाई अनुसूची-५ र ६ बमोजिमको ढाँचामा निवेदन लिई अनुसूची-७ र ८ बमोजिम ईजाजतपत्र उपलब्ध गराउनेछ ।

(८) उपदफा (७) बमोजिम इजाजतपत्र दिनु पुर्व गाँउपालिकाले रेडियो उपकरणहरुको इजाजत र नियमनको व्यवस्था मिलाउनु पर्नेछ ।

**६. इजाजत पत्रको अवधि र नविकरण दस्तुरः** (१) एफ. एम. रेडियोको ईजाजत पत्रको अवधि एक आर्थिक वर्षको हुनेछ ।

(२) इजाजत पत्र नविकरण गराउन चाहने व्यक्ति वा संस्थाले इजाजत पत्र बहाल रहने अवधि समाप्त नहुँदै अघिल्लो आर्थिक बर्षको शुल्क बुझाएको प्रमाण र लेखा परीक्षण प्रतिवेदन संलग्न गरी इजाजत पत्र नविकरणको लागि अनुसूची–३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) दफा (२) बमोजिम इजाजतपत्र नविकरणको लागि निवेदन पर्न आएमा तोकिएको दस्तुर लिई एक आर्थिक वर्षका लागि अनुसूची-४ बमोजिम नविकरण गरिदिनु पर्नेछ ।

(४) दफा (३) बमोजिमको म्याद समाप्त भएको एक आर्थिक बर्ष भित्र इजाजत पत्र नविकरण गर्न आएमा नियमानुसारको जरिवाना र विलम्व शुल्क लिई ईजाजत पत्र नविकरण गरी दिनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिमको अवधिभित्र नविकरण नगराएमा त्यस्तो इजाजत पत्र स्वतः रद्द हुनेछ ।

**७. दस्तुर तिर्नु पर्नेः** (१) एफ.एम रेडियो को दर्ता, नवीकरण र विलम्व शुल्क गाँउसभाले तोकेबमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम शुल्क बुझाउँदा सम्बन्धित संस्था वा व्यक्तिले सो आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गराई सोको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम शुल्क नबुझाउने वा उपदफा (२) बमोजिम लेखापरीक्षणको प्रतिवेदन पेश नगर्ने संस्था वा व्यक्तिका सम्बन्धमा गाँउपालिकाले देहाय बमोजिम गर्न सक्नेछ :-

(क) विज्ञापनमा रोक लगाउन,

(ख) सञ्चार सामग्री एवं सो सँग सम्बन्धित कच्चा पर्दाथको पैठारीमा रोक लगाउन,

(ग) त्यस्तो संस्था वा व्यक्तिको प्रेस प्रतिनिधि प्रमाणपत्र रद्ध गर्न ।

**८. प्रसारणमा रोक लगाउन सकिनेः** गाँउपालिकाले कुनै एफ.एम. रेडियो प्रसारण स्थलको निरीक्षण गर्दा वा त्यस्तो एफ.एम. रेडियोको कुनै प्रसारण सम्बन्धमा परेको लिखित उजुरीको छानबीन गर्दा देहाय बमोजिम भएको

देखिएमा बढीमा ३ महिनाको लागि त्यस्तो एफ.एम. रेडियोको कुनै कार्यक्रमको भाग वा सम्पूर्ण कार्यक्रमको प्रसारणमा रोक लगाउन सक्नेछ ।

(क) निरीक्षण तथा छानवीन गर्दा शर्त बमोजिम कार्यक्रम प्रसारण नगरेको पाइएमा ।

(ख) कसैले यस ऐन बमोजिम इजाजतपत्र नलिई अनाधिकृत रूपमा कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा त्यस्तो एफ.एम रेडियो तत्काल बन्द गर्न वा कार्यक्रम हटाउन निर्देशन दिन सक्नेछ । तर बन्द गर्नु अगाडि सफाईको मौका दिनु पर्नेछ ।

**९.इजाजत पत्र रद्द गर्न सकिने** : तोकिएको शर्त र समयावधि भित्र प्रसारण प्रारम्भ नगर्ने व्यक्ति वा संस्थाको इजाजतपत्र रद्द गर्न सकिनेछ ।

**१०. एफ.एम रेडियो समन्वय तथा अनुगमन समितिः**(१) गाँउपालिकामा निम्नानुसारका एक एफ.एम. रेडियो समन्वय तथा अनुगमन समिति रहने छः-

(क) गाँउपालिकाको उपाध्यक्ष : संयोजक

(ख) गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृत : सदस्य

(ग) कार्यपालिका सदस्यहरु मध्ये संयोजकले तोकेको १ जना महिला सहित २ जना : सदस्य

(घ) सम्वन्धित विषयगत शाखाको शाखा प्रमुख : सदस्य सचिव

**११. एफ.एम रेडियो समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः** एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

(क) गाँउपालिकामा दर्ता हुन आएका १०० वाट सम्म क्षमता भएका एफ.एम. रेडियोको दर्ता सिफारिस गर्ने,

(ख) गाँउपालिकामा सञ्चालित एफ.एम. रेडियोहरुले तोकिएको शर्त अनुरुप कार्य गरे नगरे को सम्बन्धमा अनुगमन गर्ने ।

(ग) गाँउपालिकामा एफ.एम. रेडियो सञ्चालनको लागि आवश्यक समन्वय गर्ने ।

घ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**१२. एफ.एम रेडियो समन्वय तथा अनुगमन समितिको बैठक र कार्य प्रक्रिया** : (१) एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको सेवा, सुविधा तोकिए बमोजिम हुनेछ ।

(३) समितिको बैठक संचालन सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**१३. एफ.एम रेडियोले पालना गनुपर्ने शर्तहरु :** यस ऐन बमोजिम सञ्चालनमा रहेका एफ.एम. रेडियोहरुले कार्यक्रम प्रसारण गर्दा देहाय बमोजिमको शर्तहरुको अधिनमा रही कार्यक्रम प्रसारण गर्नुपर्नेछः

(क) एफ.एम. रेडियोले प्रशारण गर्ने कार्यक्रम तथा समाचार कुनै दल विशेषको नभई स्वतन्त्र र तटस्थ रुपमा कार्यक्रम प्रशारण गर्नुपर्नेछ ।

(ख) लोक कल्याणकारी कार्यक्रम तथा समाचारहरुको प्रशारणमा प्राथमिकता दिनु पर्नेछ ।

(ग) देशको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता, सामाजिक सु-सम्बन्ध र सहिष्णुतामा कुनै किसिमले असर नपर्ने गरी कार्यक्रम र समाचार सामाग्रीको प्रशारण गर्नुपर्ने छ ।

(घ) सेवा लिन ईच्छुक सेवाग्राहीलाई बिना भेदभाव सेवा उपलव्ध गराउनु पर्नेछ । सेवा सुविधा तोक्दा प्रचलित बजार दर भन्दा बढी नहुने गरी तोक्नु पर्नेछ ।

(ङ) कार्यालय समय अघिपछि र बिदाको दिनमा सेवाग्राहीको आवश्यकता बमोजिम सेवा प्रवाह गर्ने व्यवस्था सुनिश्चत गर्नु पर्नेछ ।

(च) कार्यक्रम प्रशारण वा समाचार सामाग्री सम्प्रेषण गर्दा सम्बन्धित संस्था वा व्यक्तिको पूर्व सहमति लिनु पर्ने छ ।

(छ) आपतकालीन वा विपद्को समयमा गाँउपालिकाबाट प्रवाह गर्नुपर्ने सूचना एवं निर्देशनहरु निःशुल्क प्रसारण गर्नुपर्ने छ ।

(ज) युद्ध वा संकटकालीन समय आई परेमा गाँउकार्यपालिकाले कुनै खास कार्यक्रमहरू मात्र प्रसारण गर्ने गरी निर्देशन दिएमा सोही कार्यक्रमहरू मात्र प्रसारण गर्नुपर्नेछ ।

(झ) कार्यक्रम प्रसारण गर्ने संस्था वा व्यक्तिले कार्यक्रम प्रसारणको आरम्भ र अन्त्यमा आफ्नो परिचय दिनु पर्नेछ ।

(ञ) प्रचलित कानून बमोजिम गोपनियता कायम राख्नुपर्ने विषयमा सोही बमोजिम कार्यक्रम तथा समाचार प्रसारण गर्नुपर्नेछ ।

(ट) प्रचलित ऐनमा रहेका व्यवस्थाहरुको पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

**१४. प्रशारण गर्न नहुने** : एफ. एम. रेडियोहरुले देहाय बमोजिमको कुनै कार्यक्रम प्रसारण गर्न हुँदैन :

(क) नेपालको शान्ति सुरक्षा र सु व्यवस्थामा खलल पर्न जाने,

(ख) नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच पुर्‍याउने,

(ग) सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने,

(घ) विभिन्न जात, जाती, धर्म, वर्ण, क्षेत्र, सम्प्रदायका मानिसहरू बीच वैमनश्यता सिर्जना गर्ने वा सामाजिक दुर्भावना फैलाउने,

(ङ) अदालतको अवहेलना हुने ,

(च) सामाजिक विकृति फैलाउने ,

(छ) कुनै व्यक्तिको नाम किटान गरी कसैको मान, मर्यादा वा प्रतिष्ठामा आघात पार्ने ,

(ज) संविधान तथा प्रचलित कानूनको सीमाक्षेत्र भित्र रही लिखुपिके गाँउसभाले प्रशारण गर्न नहुने भनी तोकिदिएका अन्य सामाग्रीहरु,

**१५. कार्यक्रम प्रशारण प्रारम्भ गर्नुपर्ने** : (१) इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाले इजाजतपत्र वा अनुमतिपत्र पाएको मितिले बढीमा ३ महिनाभित्र आफ्नो प्रसारण प्रारम्भ गर्नु पर्नेछ ।

(२) इजाजतपत्र प्राप्त कुनै व्यक्ति वा संस्थाले उपदफा (१) बमोजिमको अवधि भित्र प्रसारण प्रारम्भ गर्न नसक्ने भएमा सोको आधार र कारण खुलाई थप अवधिको लागि त्यस्तो अवधि भुक्तान हुनु अगावै गाँउपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर समन्वय तथा अनुगमन समितिले आवश्यक जाँचबुझ गर्दा अवधि थप गर्न मनासिव देखि सिफारिस गरेमा गाउँ कार्यपालिकाले ३ महिना सम्मको अवधि थप गर्नसक्नेछ ।

(४) उपदफा (१) वा (३) बमोजिमको अवधिभित्र प्रसारण प्रारम्भ नगर्ने व्यक्ति वा संस्थाको इजाजतपत्र स्वतः रद्द हुनेछ ।

**१६. विवरण संशोधन गर्न सक्नेः** (१) कुनै व्यक्ति वा संस्थाले इजाजतपत्रमा उल्लेखित कुनै विवरण संशोधन गर्न चाहेमा अनुसूची-९ बमोजिमको ढाँचामा गाँउपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण संशोधन गर्न दिएको निवेदनको व्यहोरा मनासिब देखिएमा गाँउ कार्यपालिकाले आवश्यक दस्तुर लिई निवेदन बमोजिमको विवरण संशोधन गर्न स्वीकृति दिन सक्नेछ ।

**१७.इजाजत पत्रको प्रतिलिपिः** (१) यस ऐन बमोजिम प्राप्त इजाजतपत्र हराएमा, नासिएमा वा कुनै कारणवश नष्ट भएमा इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाले सो को प्रतिलिपि माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिलिपी माग गरेमा गाँउपालिकाले तोकिए बमोजिम दस्तुर लिई प्रतिलिपी दिनुपर्नेछ ।

**१८. नियमन गर्न सक्ने व्यवस्थाः** (१) इजाजतपत्रमा उल्लेखित शर्तहरू बमोजिम कार्यक्रम प्रसारण गरे वा नगरेको सम्बन्धमा एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिले प्रसारण सम्बन्धी संस्थाको निरीक्षण तथा छानवीन गर्न गराउन सक्नेछ । निरीक्षण तथा छानवीन गर्दा शर्त बमोजिम कार्यक्रम प्रसारण नगरेको पाइएमा इजाजतपत्रमा उल्लेखित शर्तहरू बमोजिम कार्यक्रम प्रसारण गर्न समन्वय तथा अनुगमन समितिले आवश्यक निर्देशन सहित एक पटकको लागि बढीमा १ महिना समय उपलब्ध गराउन सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण तथा छानवीन गर्दा शर्त बमोजिम कार्यक्रम प्रसारण नगरेको र मौका दिंदा पनि शर्त बमोजिम काम नगरेको भन्ने पुनः गरिएको निरीक्षण तथा छानवीनबाट देखिएमा वा समितिले यस ऐन बमोजिम इजाजतपत्र नलिई अनाधिकृत रूपमा कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा त्यस्तो एफ.एम. रेडियो लाई समन्वय तथा अनुगमन समितिको सिफारिसमा गाँउ कार्यपालिकाले तत्काल बन्द गर्न सक्नेछ । तर बन्द गर्नु अगाडि सफाईको मौका दिनु पर्नेछ ।

**१९. दण्ड जरीवानाः** (१) एफ.एम. रेडियो संचालन गर्ने व्यक्ति वा संस्थाले यस ऐन विपरित कार्य गरेको पाइएमा समन्वय तथा अनुगमन समितिको सिफारिसमा गाँउ कार्यपालिकाले रु. बीस हजार रुपैयाँ सम्म जरीवाना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जरीवाना गर्नुपुर्व त्यस्तो एफ.एम.रेडियो सञ्चालकलाई आफ्नो सफाईको मौका दिनुपर्नेछ ।

**२०. पुनरावेदनः**गाउँपालिकाले यस ऐन बमोजिम गरेको कारबाही र जरीवाना उपर चित्त नबुझेमा सो निर्णय भएको मितिले ३५ दिनभित्र जिल्ला अदालत समक्ष पुनरावेदन गर्न सकिनेछ ।

**२१. नियमावली बनाई लागु गर्न सक्ने :** यस ऐनको उदेश्य कार्यान्वयन गर्न गाँउ कार्यपालिकाले आवश्यक नियमावली, कार्यविधि र निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

**अनुसूची – १**

**(एफ.एम रेडियो संचालन तथा व्यवस्थापन ऐन, २०७७ को दफा ५ को उपदफा (१) सँग सम्वन्धित)**

**एफ. एम. रेडियो इजाजतपत्रको लागि दिइने निवेदनको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,

लिखुपिके गाँउकार्यपालिकाको कार्यालय, सोलुखुम्बु,

एफ.एम रेडियो सञ्चालन तथा व्यवस्थापन ऐन, २०७७ को दफा ५ को उपदफा(१) बमोजिम एफ.एम रेडियो सञ्चालन गर्ने इजाजतपत्र पाउनको लागि देहायका विवरणहरू खुलाई यो निवेदन गरेको छु/छौं ।

१. निवेदकको स्थायी ठेगाना -(क) जिल्ला :- गाँउपालिका :-

वडा नं. :- टोल :- फोन नं. : घर नं :- फ्याक्स नं :- इमेल ठेगाना :-

(ख) नागरिकता लिएको जिल्ला

नागरिकता नं. :- नागरिकता लिएको मिति :-

इमेल ठेगाना :-

(ग) अस्थायी ठेगाना - जिल्ला :- गाँउपालिका :- वडा नं. :- टोल :- फोन नं. :-
घर नं :- फ् याक्स नं :-

इमेल ठेगाना :-

२. संस्था वा व्यक्तिको

(क) नाम :

(ख) आर्थिक स्थिति (स्थिर तथा चालु पुँजी) :-

(ग) अनुभव :-

(घ) प्राविधिक दक्षता :-

३. प्रसारण गरिने स्थान :-

४. प्रसारण हुने क्षेत्र:-

५. प्रसारण शुरु हुने मिति :-

६. प्रसारणको माध्यम :-

७. प्रसारणको क्षमता :-

८. प्रसारण गर्दा प्रयोग गरिने फ्रिक्वेन्सी र च्यानल :-

९. प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरू :-

१०.प्रसारण सम्बन्धमा उपभोक्ता तथा अन्य व्यक्ति वा निकायसँग गरिएको सम्झौता:-

११. प्रसारणमा प्रयोग हुने भाषा :-

१२. प्रसारणको समयावधि :-

१३. प्रसारण गरिने कार्यक्रमहरू :-

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदकको नाम :-

सही :-

दर्जा :-

मिति:-

**अनुसूची – २**

**(एफ.एम रेडियो संचालन तथा व्यवस्थापन ऐन, २०७७ को दफा ५ को उपदफा (६) सँग सम्वन्धित)**

**एफ. एम. रेडियो ईजाजतपत्रको ढाँचा**

**ईजाजतपत्र नं. :-**

१. ईजाजतपत्र पाउने व्यक्ति वा संस्थाको नाम :-

२. ठेगाना :-

(क) स्थायी ठेगाना - जिल्ला :- गाँउपालिका :- वडा नं. :- टोल : फोन- मोबाइल नं. :-

(ख) अस्थायी ठेगाना - जिल्ला :- गाँउपालिका :- वडा नं. :-

टोल :- मोबाइल नं. :-

३. प्रसारण संस्था वा व्यक्तिको नाम :-

४. प्रसारणको माध्यम :-

५. प्रसारणको क्षमता

६. प्रसारण गर्दा प्रयोग गरिने

(क) फिक्वेन्सी :- (ख) बैण्ड :- (ग) च्यानल :- (घ) ट्रान्समिटर :- (ङ) एण्टेना :-

७. प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्रः-

८. प्रसारण हुने क्षेत्र र जनसंख्याः-

९. प्रसारण शुरु हुने मिति :- १०. प्रसारणमा प्रयोग हुने भाषा :- ११. प्रसारणको समय र समयावधि :-

१२. प्रसारण गरिने कार्यक्रमहरू :-

१३. इजाजतपत्र बहाल रहने मिति :-

१४. अन्य शर्तहरू :-

कार्यालयको छाप

ईजाजतपत्र दिने अधिकारीको नाम :-

दर्जा :-

सही :-

कार्यालय :

**अनुसूची – ३**

**(एफ.एम रेडियो संचालन तथा व्यवस्थापन ऐन, २०७७ को दफा ६ को उपदफा (१) सँग सम्वन्धित)**

**एफ. एम. रेडियो ईजाजतपत्रको नविकरणको लागि दिइने निवेदनको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू , मिति

लिखुपिके गाँउकार्यपालिकाको कार्यालय

लिखुपिके, सोलुखुम्बू ।

मैले/हामीले मिति ..................मा प्राप्त गरेका इजाजतपत्र नं...........को एफ.एम. रेडियो इजाजतपत्र आ.व.........................को लागि नविकरण गरिदिन आवश्यक कागजात र नविकरण दस्तुर समेत बुझाई ( भौचर नं.....) श्रीमान् समक्ष अनुरोध गर्दछु/गर्दछौ ।

संलग्न कागजातहरु

१) निवेदन

२) सक्कल ईजाजतपत्र

३) भौचर/रसिद निवेदक ............

**अनुसूची – ४**

**(एफ.एम रेडियो संचालन तथा व्यवस्थापन ऐन, २०७७ को दफा ६ को उपदफा (२) सँग सम्वन्धित)**

**एफ. एम. रेडियो ईजाजतपत्रको नविकरणको ढाँचा**

इजाजतपत्र नं. :-

१. इजाजतपत्र पाउने व्यक्ति वा संस्थाको नाम :-

२. ठेगाना :-

(क) स्थायी ठेगाना -

जिल्ला :- गाँउपालिका /नगरपालिका :- वडा नं. :- टोलः- फोन नं. :-

(ख) अस्थायी ठेगाना -

जिल्ला :- गाँउपालिका /नगरपालिका :- वडा नं. :-टोल :- फोन नं :-

३. प्रसारण संस्था वा व्यक्तिको नाम :-

४. प्रसारणको माध्यम :-

५. प्रसारणको क्षमताः-

६. प्रसारण गर्दा प्रयोग गरिने

(क) फ्रिक्वेन्सी :-  (ख) बैण्ड :-

(ग) च्यानल :-  (घ) ट्रान्समिटर :-

(ङ) एण्टेना :

७. प्रसारण प्रणाली स्थापना हुने  ठाउँ  र प्रसारण केन्द्रः-

८. प्रसारण हुने  क्षेत्र र जनसंख्या :-

९. प्रसारण शुरु हुने मिति :-

१०. प्रसारणमा प्रयोग हुने भाषा :-

११. प्रसारणको समय र समयावधि :-

१२. प्रसारण गरिने कार्यक्रमहरू :-

१३. ई जाजतपत्र बहाल रहने मिति :-

१४. अन्य शर्तहरू :-

इजाजतपत्र नविकरणको विवरणः

आर्थिक वर्ष  :

नविकरण दस्तुर  :

नविकरण मिति :

नविकरण गर्ने अधिकारीको दस्तखत :

कार्यालयको छाप ईजाजतपत्र दिने अधिकारीको नाम :-

दर्जा  :-

सही :-

कार्यालय :-

**अनुसूची– ५**

**(एफ.एम रेडियो संचालन तथा व्यवस्थापन ऐन, २०७७ को दफा ५ को उपदफा (७) सँग सम्वन्धित)**

**स्याटेलाइट रिसिभिङ्ग सिष्टम/ स्याटेलाइट कम्यूनिकेशन सिष्टमको इजाजतपत्रको लागि दिइने निवेदनको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू , मितिः

लिखुपिके गाँउकार्यपालिकाको कार्यालय,

लिखुपिके, सोलुखुम्बू ।

स्याटेलाइट रिसिभिङ्ग सिष्टम राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेशिफिकेशनको समेत प्रतिलिपि संलग्न गरी स्याटेलाइट रिसिभिङ्ग सिष्टमको लाइसेन्स पाउनको लागि अनुरोध गर्दछु ।

१. प्रयोग गर्नु पर्ने उद्देश्य र कारण :-

२. प्रयोग गर्न चाहेको सिष्टमको विवरणः-

(क) निर्माताको नामः-

(ख) मोडेल नं.:-

(ग) सिरियल नं.:-

(घ) साइज र अन्य विवरणः-

(ङ) एण्टेना सम्बन्धी विवरणः-

३. प्रयोग गरिने ठाउः-

४. आर. एफ. फ्रिक्वेन्सी रेन्ज/ प्रयोग गर्ने फ्रिक्वेन्सीः-

५.कुन स्याटेलाइटको माध्यमबाट के कस्तो सञ्चार आदान प्रदान गर्ने होः-

६. प्रयोग भइरहेको भए कुन मिति देखि प्रयोग भइरहेको होः-

७. प्रयोगः-

(क) व्यक्तिगत :-

(ख) सामूहिक :-

८. सामूहिक रूपमा प्रयोग गरिने भए प्रयोगकर्ताहरूको नाम र अन्य विवरण

९. घर बहालमा लिई रेडियो यन्त्र राख्ने वा प्रयोग गर्ने भए घर धनीको स्वीकृति

१०. आयात गरिने देशको नामः-

११. आयात हुने भन्सार कार्यालयको नामः-

दरखास्तवालाको नाम :

सहीः-

ठेगानाः-

मितिः-

**अनुसूची – ६**

**(एफ.एम रेडियो संचालन तथा व्यवस्थापन ऐन, २०७६ को दफा ५ को उपदफा (७) सँग सम्वन्धित)**

**एफ. एम. ट्रान्समिटर र STL Link को लाईसेन्सको लागि निवेदनको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू ,                                                  मिति

लिखुपिके गाँउकार्यपालिकाको कार्यालय

लिखुपिके, सोलुखुम्बू ।

देहायका रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू प्रोफर्म लाई इन्भ्वाइस र टेक्निकल स्पेसिफिकेशनको प्रतिलिपि समेत संलग्न गरी रेडियो यन्त्रको लाइसेन्स पाउनको लागि अनुरोध गर्दछु ।

१. रेडियो यन्त्र प्रयोग गर्नाको उद्देश्य एवं कारण :-

२. प्रयोग गर्ने स्थान :-

३. प्रयोग गरिने फ्रिक्वेन्सी :-

४. प्रयोग गर्ने अनु मानित मिति :-

५. रेडियो यन्त्रको विवरण :-

(क) निर्माता :-

(ख) मोडेल नं. :-                    (ग) सिरियल नं. :-

६. स्टेशनको प्रकार :-

७. प्रयोग गरिने प्रणालीको प्रकार :-    ८. प्रयोग गरिने समय :-

९. अन्य विवरण:-

(क)

(ख)

दरखास्तवालाको

सही:-

नाम:-

ठेगाना:-

मिति:-

**अनुसूची – ७**

**(एफ.एम रेडियो संचालन तथा व्यवस्थापन ऐन, २०७७ को दफा ५ को उपदफा (७) सँग सम्वन्धित)**

**स्याटेलाइट रिसिभिङ्ग सिष्टमको इजाजतपत्रको ढाँचा**

देहायका व्यक्ति वा संस्थालाई निम्न लिखित शर्तहरू पालन गर्ने गरी निम्न स्याटेलाइट रिसिभिङ्ग सिष्टम राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ।

१. व्यक्ति वा संस्थाको नाम :-

२. ठेगाना :-

३. लाइसेन्स नं. :-

४. जडान हुने स्थान :-

५. अर्थ स्टेशन स्याटेलाइट रिसिभिङ सिष्टमको विवरण :-

(क) निर्माताको नाम :-

(ख) मोडेल नं. :-

(ग) साइज र अन्य विवरण :-

(घ) एण्टेनाको विवरण :-

६. इनपुट फ्रिक्वेन्सी रेन्ज :-

७.प्रयोग गरिने फ्रिक्वेन्सी:-

८. कुन स्याटेलाइटको माध्यमबाट कस्तो सञ्चार आदान-प्रदान गर्ने :-

९. प्रयोग :-

(क) व्यक्तिगतः-

(ख) सामूहिकः-

९. सामूहिक रूपमा प्रयोग गरिने भए जोडिने लाइन संख्या र व्यक्तिहरूको नाम :-

१०. लाइसेन्सवालाले पालन गर्नु पर्ने शर्तहरूः-

(क) सार्वजनिक सडक, बिजुली, सार्वजनिक सञ्चारलाई असर नपर्ने गरी निजी घर कम्पाउण्ड भित्र मात्र वितरण गर्नु पर्नेछ ।

(ख) आम जनताको लागि प्रसारण भएको प्राप्त प्रसारण सामाग्री बाहेक अन्य कुनै प्रकारको प्रसारण सामाग्रीहरू वितरण वा प्रसारण गर्नपाइने छैन।

(ग) मुनाफा वा शुल्क लिई फाइदा लिन वा व्यापारिक प्रयोग गर्न पाइनेछैन ।

इजाजतपत्र नविकरणको विवरण

आर्थिक वर्ष

नविकरण दस्तुर

नविकरण मिति

नविकरण गर्ने अधिकारीको

कार्यालयको छाप

दस्तखत

लाइसेन्सदिने अधिकारीको नामः-

दर्जा :-

सहीः-

मितिः-

**अनुसूची – ८**

**(एफ.एम रेडियो संचालन तथा व्यवस्थापन ऐन, २०७७ को दफा ५ को उपदफा**

**(७) सँग सम्वन्धित)**

**एफ.एम ट्रान्समिटर र STL Link राख्न तथा प्रयोग गर्नको लागि इजाजतपत्रको ढाँचा**

देहायका व्यक्ति वा संस्थालाई निम्न लिखित शर्तहरू पालन गर्ने गरी निम्न विवरणको रेडियो यन्त्र राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ।

१. व्यक्ति वा संस्थाको नाम :-

२. ठेगाना :-

३. लाइसेन्स नं. :-

४. प्रयोग गरिने स्थान :-

५. प्रयोगको उद्देश्य :-

६. प्रयोग गर्ने स्थान :-

७. प्रयोग गरिने फ्रिक्वेन्सी :-

८. रेडियो यन्त्रको विवरण :-

(क)

(ख)

(ग)

(घ)

९. प्रयोग गर्ने मिति :-

१०. स्टेशनको प्रकार :-

११. प्रयोग गरिने प्रणाली :-

१२. प्रयोग गरिने समय :-

१३. लाइसेन्सवालाले पालन गर्नु पर्ने शर्तहरू:-

(क)

(ख)

(ग)

कार्यालयको छाप :-

लाइसेन्स दिने अधिकारीको नामः-

दर्जा :-

सहीः-

मितिः-

इजाजतपत्र नविकरणको विवरण

आर्थिक वर्ष

नविकरण दस्तुर

नविकरण मिति

नविकरण गर्ने अधिकारीको

दस्तखत

**अनुसूची– ९**

**(एफ.एम रेडियो संचालन तथा व्यवस्थापन ऐन, २०७७ को दफा १६ को उपदफा (१) सँग सम्वन्धित)**

**एफ. एम. रेडियो इजाजतपत्रको विवरण संशोधन गर्न दिइने निवेदनको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू ,                                        मिति

लिखुपिके गाँउकार्यपालिकाको कार्यालय

लिखुपिके, सोलुखुम्बु ।

मैले/हामीले मिति ..................मा प्राप्त गरेको ईजाजतपत्र नं. ..... मा देहाय बमोजिमको विवरण संशोधन गर्न चाहेकोले संलग्न अनुसारको कागजातहरु सहित श्रीमान समक्ष अनुरोध अनुरोध गर्दछु/गर्दछौं ।

संशोधन गर्न  चाहेको विवरण

क)

ख)

ग)

संलग्न कागजातहरु

१) निवेदन

२) सक्कल ईजाजतपत्र

३) भौचर/रसिद

प्रमाणीकरण मिति :

निवेदक..................

आज्ञाले,
कृष्ण पौडेल
प्रमुख प्रशासकिय अधिकृत